# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

## विज्ञापन कर संकलन सम्बन्धी सोझै बिक्रिका लागि प्रस्ताव आह्वानको सूचना।
## (प्रथम पटक प्रकाशित मिति : २०८०/०५/०८)

यस गाउँपालिका क्षेत्र भित्रको विभिन्न स्थानमा विभिन्न व्यावसायिक सामाग्रीहरुको विज्ञापन तथा प्रचार प्रसारका लागि राखिएको होर्डिङ्गबोर्ड, तुल व्यानर, भित्ते लेखन, डिजिटल बोर्ड लगायतको आ.व. २०८० । ०८१ मा ३ वर्षका लागि विज्ञापन कर संकलनको लागि देहायको शर्तको परिधि भित्र रही सिलबन्दि प्रस्ताव पेश गर्ने प्रयोजनको लागि माण्डवी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०४/३१ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र रु.१०००/- (अक्षेरुपि एक हजार मात्र) दस्तुर तिरी विज्ञापन कर संकलन सम्बन्धी प्रस्ताव फाराम खरिद गर्न सकिनेछ।

२. प्रस्ताव फाराम सूचना प्रकाशित मितिले १६ (सोह) औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दि गरि पेश गरिसक्नुपर्नेछ। यसरी रितपूर्वक प्राप्त हुन आएको सिलबन्दी प्रस्तावहरु सोही दिनको २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधी र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव फाराम खोल्न कुनै बाधा पर्नेछैन।

३. प्रस्ताव फाराम बाहिर प्रस्ताव दाताले आफ्नो नाम, ठेगाना, सम्पर्क नं. तथा विषय स्पष्ट संग उल्लेख गर्नु पर्नेछ।

४. विज्ञापन कर वापत वार्षिक मु.अ. कर बाहेकको न्यूनतम अंक रु. ५०,०००/- (पचास हजार मात्र) कायम गरिएकोछ। प्रस्तावकले विज्ञापन कर रकम कबोल गर्दा न्यूनतम अंकमा नघटने गरी आफुले कबुल गरेको विज्ञापन कर वापतको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

५. छनौट भएको प्रस्तावकले प्रस्तावमा कबोल गरेको कुल रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड, माण्डवी शाखा जस्पुर स्थित राजश्व खाता नं. २६६४९३२०४६०११७ मा जम्मा गरेको सक्कलै भौचर पेश गरे पश्चात सम्झौता गरिनेछ।

६. कुनै पनि प्रस्ताव विनाकारण पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. प्रस्ताव पेश गर्दा अद्यावधिक व्यवसाय दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९।०८० सम्मको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी तथा स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ। अन्य कुरा प्रचलित आर्थिक ऐन, नियम अनुसार हुनेछ। विस्तृत कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस गाउँ कार्यपालिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

नोट: विज्ञापन कर संकलन आ.व. २०८०/०८१ देखी २०८२/०८३ को असार मसान्त सम्मको अवधिका लागि सम्झौता गरिनेछ र प्रत्येक वर्ष सम्झौता रकमको १०% का दरले बृद्धी हुनेछ ।

२०८०/०५/०८

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

समाजबादको आधार, निशुल्क शिक्षा, स्वास्थ्य र रोजगारः माण्डवी बासीको मौलिक अधिकार।